**मिति २०७५।१०।२७ गते नेपालगंज उपमहानगरका नगर प्रमुख डा. धवल शम्शेर राणाज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिका बैठक निर्णयहरु**

**छलफलका एजेण्डाहरु**

१) VO गर्ने (IUDP,RUDP,NGO) सम्बन्धमा
२) विषयगत समितिहरु Final गर्ने र अनुमोदन गर्ने म्बन्धमा
३) कान्जी हाउस र महेन्द्रपार्क सम्बन्धमा
४) Football Academy र Futsal Academy बनाउने सम्बन्धमा
५) संचार निति र पत्रकारिता कोषको लागि कार्यदल बनाउने सम्बन्धमा
६) विदेश भ्रमणको लागि छलफल सम्बन्धमा
७) विविध

**निर्णयहरु**

१) नेपाल सरकार शहरी विकास मन्त्रालय क्षेत्रिय शहरी विकास आयोजना, कार्यान्वयन ईकाई बाट सन्चालन भईरहेको Construction of Drainage, Road footpath and Road furniture Sub-Project ,Contract Package:- RUDP/ICB/NEG/3 बाट निर्माण हुने कममा, ठाउ अनुसार सडक तथा नालाहरुको लम्बाई चौडाई उचाई बढनगएकोले र साथै यस उपमहानगरपालिको वडाहरु बाट माग भई आएका ११.५ किलो मिटर सडक तथा नाली, बुलबुलैया देखि फोहरमैला व्यवस्थापन जाने बाटो र ढोडे गाँउको परसपुर चोक देखि पश्चिम नगर सिमाना सम्मको सडक तथा नालाहरु को काम थपको लागी २५ प्रतिशत सम्मको VO पेश गर्न PIU लाई निर्देशन दिने निर्णय गरियो ।

२) *नेपाल सरकार शहरी विकास मन्त्रालय एकीकृत शहरी विकास आयोजना,* कार्यान्वयन इकाई नेपालगंज बाँके अन्तर्गत रहेको सामुदायिक विकास कार्यक्रम Community Development Program (CDP), नेपालगंज उपमहानगरपालिका भित्र रहेका विभिन्न टोल वस्तिहरु मा व्यक्तिगत शौचालय, (पि.सि.सि) साना सडक तथा नाली निर्माण, सरसफाई तथा फोहरमैला व्यवस्थापन (3R- Reduce, Reuse, Recycle) सम्बन्धि जनचेतना को कार्य विभिन्न टोल वस्तिहरु, Intergrated Rural Development Center, Nepal Pvt Ltd( IRDC Nepal) बाट संचालन रहेका मा 31th December, 2018 सम्म म्याद रहेकोमा सो अवधी भित्र फोहरमैला व्यवस्थापन सम्बन्धि जनचेतना कार्यक्रमको कार्य सन्चालनमा रहेकोले सो को पुर्णता तथा कार्यान्वयनको लागी नेपालगंज उपमहानगरपालिका मा रहेको १ देखि २३ वार्डहरुका २९६ टोलवस्तीहरुमा फोहरमैला व्यवस्थापन सम्बन्धी जनचेतना अभिबृद्धी गर्न अती आवश्यक देखिएको र साथै साना पुर्वाधार (पि.सि.सि सडक १०.२३ कि.मि.) १०६ वटा व्यक्तिगत शौचालयको निर्माण कार्य सम्पन्न गर्न बाँकी रहेकोले सो कार्य सम्पन्न गर्न हाल यस आयोजना अन्र्तगत रहेको NGO को 1st January 2019 देखि 15th July 2019 सम्म म्याद थप गर्नका साथै ३५ प्रतिशत सम्मको VO गर्न PIU लाई निर्देशन गर्ने निर्णय गरीयो ।

३) यस नेपालगंज उप-महानगरपालिकाको कार्य विभाजन नियमावली, २०७४ को नियम ४ उपनियम ६ को अनुसूची ५ एवं कार्यसम्पादन नियमावली २०७४को नियम १५ बमोजिम यस नगरकार्यपालिकामा गठित विषयगत समितिका सदस्यहरुको नामावली र कार्यजिम्मेवारी परिवर्तन गरी आ.व. २०७६/०७७को अषाढ मसान्त सम्मको लागि देहायका पदाधिकारीहरु रहने गरी देहाय बमोजिमका विषयगत समितिहरु पुनरगठन गर्ने निर्णय गरियो ।

**क). सार्वजनिक सेवा तथा क्षमता विकाश समिति :**

| | |
|---|---|
| १) कार्यपालिका सदस्य, श्री ईन्दीरा शाही | संयोजक |
| २) वडा अध्यक्ष वडा नं. ७, श्री रंजीत खां | सदस्य |
| ३) कार्यपालिका सदस्य, श्री बसन्ता जोशी | सदस्य |
| ४) वडा सदस्य, वडा नं. २, श्री आशा विष्ट | सदस्य |
| ५) वडा सदस्य वडा नं. १५, श्री गुरुदयाल | सदस्य |

**ख). आर्थिक विकास समिति :**

| | |
|---|---|
| १. कार्यपालिका सदस्य, श्री मन्जु बादी | संयोजक |
| २. वडा अध्यक्ष वडा नं. २०, श्री कृष्ण कार्की | सदस्य |
| ३. वडा अध्यक्ष वडा नं. १९, श्री परसराम कुर्मी | सदस्य |
| ४. वडा सदस्य वडा नं. १२, श्री दिनेशराज पन्त | सदस्य |
| ५. वडा सदस्य वडा नं. २३, श्री गिताकुमारी चमार | सदस्य |

**ग). सामाजिक विकास समिति :**

| | | |
|---|---|---|
| १. | वडा अध्यक्ष वडा नं. १३ श्री विरेन्द्र बहादुर शाह, | संयोजक |
| २. | वडा अध्यक्ष वडा नं. ४, श्री अयुव सिद्दिकि | सदस्य |
| ३. | वडा अध्यक्ष वडा नं. २, श्री सुनिल सिंह हमाल | सदस्य |
| ४. | वडा अध्यक्ष वडा नं. ४, श्री मो. सफिक वेहना | सदस्य |
| ५. | वडा अध्यक्ष वडा नं. १५, श्री वल्लन कबडिया । | सदस्य |

**ङ). पूर्वाधार विकाश समिति :**

| | | |
|---|---|---|
| १. | वडा अध्यक्ष वडा नं. ७, श्री जुमन खां | संयोजक |
| २. | वडा अध्यक्ष वडा नं. १४, श्री ओमकारनाथ मिश्र | सदस्य |
| ३. | वडा अध्यक्ष वडा नं. १०, श्री विन्दुभुषण बस्नेत | सदस्य |
| ४. | वडा अध्यक्ष वडा नं. २३, श्री मो.हुसैन शेष | सदस्य |
| ५. | वडा अध्यक्ष वडा नं. ५, श्री कैफुलवरा जोलाह | सदस्य |

**च).वातावरण तथा विपद समिति :**

| | | |
|---|---|---|
| १. | वडा अध्यक्ष वडा नं.५ श्री कैफुलवरा जोलाह/ कार्यपालिका सदस्य श्री देवेन्द्रपाल सिंह | संयोजक (६/६ महिना) |
| २. | वडा अध्यक्ष वडा नं. ५, श्री समिर प्रताप सिंह | सदस्य |
| ३. | वडा अध्यक्ष वडा नं. ११, श्री उज्वल सिंह राठौर | सदस्य |
| ४. | कार्यपालिका सदस्य, श्री नन्कई पठानिन | सदस्य |
| ५. | वडा सदस्य वडा नं. ६, श्री दिपक श्रेष्ठ | सदस्य |

**छ). बिधेयक समिति :**

| | | |
|---|---|---|
| १. | कार्यपालिका सदस्य, श्री कौशल कुमार धोबि | संयोजक |
| २. | वडा अध्यक्ष वडा नं. ९, श्री विष्णु लामा | सदस्य |
| ३. | वडा अध्यक्ष वडा नं. १६, श्री हनिफ जोलाह | सदस्य |
| ४. | कार्यपालिका सदस्य, श्री सिमा कशौधन वैश्य | सदस्य |
| ५. | वडा सदस्य वडा नं. ८, श्री निखिल कुमार वैश्य | सदस्य |

४) नेपालगंज उपमहानगरपालिका वडा नं. २१ स्थित संचालनमा रहेको कान्जी हाउसको लागि आवश्यक पर्ने जनावरहरुको लागि भुस, ब्राण्ड लगायतका बस्तु राख्नको लागि भुसेली निर्माण गर्ने र महेन्द्र पार्क (मिनि जू )मा गोही राख्ने बास स्थान, केही माटोपटान, पर्खाल मर्मत लगायत सा-साना मर्मत कार्य गर्ने निर्णय गरियो ।

५) यस नेपालगंज उपमहानगरपालिका वडा नं. १ मा फुटबाल एकेडमि निर्माण गर्ने र यसै गरी वडा नं. १२ मा फुटसल निर्माणको लागि वडा कार्यालय वडा नं. १२ को च.नं. ९४२ मिति २०७५।१०।२०को पत्र मार्फत वडा समितिको निर्णयको फोटा कपी सहित अनुरोध भै आएकोले उक्त वडामा रहेको सार्वजनिक जमिनमा फुटसल निर्माण गर्ने सो दुवै योजनाको लागि आवश्यक बजेटको व्यवस्था गर्ने निर्णय गरियो ।

६) यस नेपालगंज उपमहानगरपालिका क्षेत्रमा संचार क्षेत्रको समग्र विकास एवं प्रभावकारी अधिवृद्धि गर्न नगरको संचार निति निर्माण गर्न र समग्र नगरको विकासमा पत्रकारिताको माध्यमबाट योगदान पुऱ्याउने कृयाशिल पत्रकारहरुको हौसला र सम्मान स्वरुप पुरस्कृत तथा अन्य कृयाकलाप संचालन गर्न यस उपमहमानगरपालिकामा स्थापना गरिने पत्रकारिता कोष संचालन कार्यविधि निर्माण गरी स्विकृतीको लागि पेश गर्न देहायका पदाधिकारी रहने गरी कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| क). श्री उमा थापा मगर, | उप प्रमुख | संयोजक |
| ख). श्री प्रमोद रिजाल, | वडा अध्यक्ष वडा नं. १ | सदस्य |
| ग). मो. सफिक बेहना | वडा अध्यक्ष वडा नं. ४ | सदस्य |

७) यस नेपालगंज उपमहानगरपालिका वडा नं. २ स्थित बागेश्वरी मन्दीर देखि उत्तर तर्फको गुम्बा नाला २ मिटर चौडा गरी निर्माण गर्नको लागि वडा नं. २ को वडा समितिको मिति २०७५।१०।२५को बैठकको निर्णय को फोटो कपी सहित वडा कार्यालय वडा नं. २ को च.नं. ७६९ मिति २०७५।१०।२५को पत्र मार्फत अनुरोध भै आएकोले उक्त नाला २ मिटर चौडा हुने गरी नाला निर्माण कार्य अगाढी बढाउने निर्णय गरियो ।

८) यस नेपालगंज उपमहानगरपालिका वडा नं. २ घरबारीटोल सडक विस्तार गर्न अधिकतम सहमती तथा कम भन्दा कम क्षत्री हुने गरी योजना सम्पन्न गर्नको लागि उक्त सडकको मापदण्ड ८.५ मिटर कायम गरी सडक विस्तार कार्य अगाडी बढाउन उक्त वडाका वडा अध्यक्षज्यूबाट पेश भएको प्रस्ताव माथी छलफल भै उक्त सडकको बर्तमान मापदण्ड १० मिटर रहेकोमा सडक विस्तार गर्दा धेरै मात्रामा भवन तथा अन्य संरचनाहरु भत्काउनु पर्ने र कतीपय घरधनीहरु विस्थापित समेत हुने आवस्था आउने भएकोले उक्त सडकक्षेत्रका टोलबासीहरुको भावनालाई समेत सम्बोधन हुने गरी घरबारीटोल सडकको मापदण्ड ८.५ मिटर तोकी उक्त सडक विस्तार कार्य अगाडी बढाउने निर्णय गरियो ।

९) मिति २०७५ साल पौष २९ गते बसेको राजश्व परामर्श समितिको बैठकको प्रस्ताव गरे वमोजिम तपशिल बमोजिमका निर्णयहरु अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो -:

**क)**. यस नेपालगञ्ज उपमहानगरपालिकाको वडा न.४ मा नवनिर्मित चिल्ड्रेन पार्कको कबोल अंक न्यूनतम बार्षिक रु.६०,०००।- (मूल्य अभिवृद्धि कर बाहेक) र वडा न. १९ स्थित वसुदेवपुर फुटाहा तालको कबोल अंक न्यूनतम बार्षिक रु.५०,०००।- (मूल्य अभिवृद्धि कर बाहेक) निर्धारण गरी प्रकाशित सूचना अनुमोदन गर्ने निर्णय गरियो :

**ख)**. यस उपमहानगरपालिकाले साविकमा २ प्रतिशत वहालकर नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४/१२/१२ गतेको निर्णय वमोजिम सम्वन्धित स्थानीय तहले नै १० प्रतिशत वहालकर लिन सक्ने निर्णय वमोजिम यस आ.व.२०७५/७६ मा समेत यस शिर्षकमा रु.तीन करोड आय अनुमान गरेको भएतापनि घरवहालको मापदण्ड निर्धारण हुन नसक्दा वास्तविक भन्दा कम कर संकलन भईरहेको परिप्रेक्ष्यमा नगरकार्यपालिकाबाट घरवहाल सम्वन्धि मापदण्ड तयार गरी सोही वमोजिम नियमावली निर्माण गर्नका लागि समिति गठन गरी आवश्यक प्रकृया अगाडी बढाउनका लागि नगरकार्यपालिकालाई अनुरोध भई आएकोमा सो कार्य गर्न राजश्व परामर्श समितिलाई नै तयार गरी नगरकार्यपालिकामा पेश गर्नेगरी अधिकार दिने निर्णय गरियो ।

१०) राजश्व परामर्श समितिमा १८ न. वडा कार्यालयका वडा अध्यक्ष श्री दिपक कुमार बर्मालाई आमन्त्रित सदस्य मनोनयन गर्ने निर्णय गरियो ।

११) घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धि कार्यविधि,२०७५ को नियम २ को उपनियम २ बमोजिम घ बर्गको ईजाजत प्रदानका लागि सिफारिश समितिबाट मिति २०७५/१०/२३ गते भएको सिफारिश भएवमोजिम सोही कार्यविधिको नियम ३ बमोजिम तपशिल बमोजिमका फर्महरुलाई ईजाजत पत्र प्रदान गर्ने निर्णय गरियो :

१.एस.एस.विल्डर्स, नेपालगञ्ज उपमनपा-१८, बाँके ।
२.जेनिसा कन्सट्रक्सन, नेपालगञ्ज उपमनपा-१८, बाँके ।
३. भक्त निर्माण सेवा, नेपालगञ्ज उपमनपा-४, बाँके ।

१२) मिति २०७५ साल पौष ३० गते बसेको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकको प्रस्ताव गरे वमोजिम आर्थिक वर्ष २०७६/७७ को अनुमानित आय रु.२ अर्व ३६ करोड ११ लाख ७० हजार ०३६ हुनेगरी सम्वन्धित निकायमा पेश गर्ने निर्णय गरियो ।

**आ.व. ०७६/७७ को अनुमानित आय विवरण**

**क) संघ, प्रदेश तथा अन्य निकायबाट प्राप्त हुने शसर्त, समानीकरण, राजश्व बाँडफाँड तथा ऋण अनुदान**

| क्र.सं. | बजेट उप शीर्षकको नाम | बजेट श्रोत | ०७६/७७ को अनुमानित आय |
|---|---|---|---|
| १ | वित्तिय समानीकरण | संघीय सरकार | २९४,७००,०००.०० |
| २ | वित्तिय समानीकरण | प्रदेश-5 | ६,९४७,०००.०० |
| ३ | शसर्त अनुदान | संघीय सरकार | ३५९,७००,०००.०० |
| ४ | शसर्त अनुदान (खेलकुद मैदान) | प्रदेश-5 | १३,३००,०००.०० |
| ५ | राजश्व बाँडफाँड | संघीय सरकार | १५१,१७९,०००.०० |
| ६ | राजश्व बाँडफाँड | प्रदेश-5 | १५,९२३,०००.०० |
| ७ | घरजग्गा रजिष्ट्रेशन- मा.पो.का.बाँके | प्रदेश-5 | - |
| ८ | सामाजिक सुरक्षा | संघीय सरकार | १३०,९८०,०००.०० |
| ९ | तराई-मधेश सम्बृद्धि कार्यक्रम | संघीय सरकार | - |
| १० | गरीवसँग विश्वेर कार्यक्रम | संघीय सरकार | ३९४,०००.०० |
| ११ | समाज कल्याण कार्यक्रम- (जेष्ठ नागरीक समेत) | संघीय सरकार | - |
| १२ | शहरी विकास कार्यक्रम- UDP/ADB | ADB/UDP | १,११०,०००,०००.०० |
| १३ | न.पा.भवन/बसपार्क (TDF) | TDF | ९८,९३७,०३६.०० |
| १४ | सिएफएलजि (UNICEF- शहरी बाल शिक्षा) | UNICEF | ५,०००,०००.०० |
| | **जम्मा (क)** | | **२,१८७,०६०,०३६.००** |

## आ.व. ०७६/७७ को अनुमानित आय विवरण

क) संघ, प्रदेश तथा अन्य निकायबाट प्राप्त हुने शसर्त, समानीकरण, राजश्व बाँडफाँड तथा ऋण अनुदान

| क्र.सं. | बजेट उप शीर्षकको नाम | बजेट श्रोत | ०७६/७७ को अनुमानित आय |
|---|---|---|---|

### ख) आ.व.२०७६।७७ को अनुमानित आन्तरिक आय विवरण

| सि.नं. | शीर्षक | आम्दानी शिर्षक | आ.व.२०७६/७७ को अनुमानित आय |
|---|---|---|---|
| १ | सम्पति कर | | ४०००००००.०० |
| २ | भुमिकर/मालपोत | | २०००००.०० |
| ३ | भाडा तथा घरवहाल | | १७५०००००.०० |
| ४ | वहाल कर (१०%) | | ३०००००००.०० |
| ५ | सवारी साधन कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारी कर ) | | ५०००००.०० |
| ६ | सिनेमा/डकुमेन्ट्री (मनोरञ्जन कर) | | २५०००००.०० |
| ७ | विज्ञापन कर | | ४५०००००.०० |
| ८ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | | १५००००००.०० |
| ९ | सरकारी सम्पतीको लिलाम विक्री | | २०००००.०० |
| १० | विद्युत सेवा शुल्क | | १००००००.०० |
| ११ | अन्य सेवा शुल्क | | ३५०००००.०० |
| १२ | पार्किङ्ग शुल्क | | २५०००००.०० |
| १३ | नक्सापास दस्तुर | | ३०००००००.०० |
| १४ | सिफारिश दस्तुर (बक्सौनी) | | १००००००००.०० |
| १५ | नाता प्रमाणित दस्तुर | | १००००.०० |
| १६ | न्यायिक दण्ड,जरिवाना र जफत | | १५०००००.०० |
| १७ | बेरुजू तथा पेश्कि | | ५०००००.०० |
| १८ | सार्वजनिक संरचना मर्मत संभार | | ४००००००.०० |
| १९ | दर्ता तथा नविकरण दस्तुर | | ४००००००.०० |
| २० | सार्वजनिक निजि साझेदारी | | ०.०० |
| २१ | अचल सम्पत्ति मूल्यांकन दस्तुर | | ०.०० |
| २२ | धरौटी जफत | | १०००००.०० |
| २३ | विविध आय | | १०००००.०० |
| २४ | लागत सहभागिता | | ६००००००.०० |
| २५ | जडीबुटी तथा कवाडीकर | | ५०००००.०० |
| | **आन्तरीक श्रोतको खुद आम्दानी** | | १७४११००००.०० |
| २६ | गत वर्षको मौज्दात | | ०.०० |
| | **जम्मा (ख)** | | **१७४,११०,०००.००** |
| | **कुलजम्मा (क+ख)** | | **२,३६१,१७०,०३६.००** |

१३) यस उपमहानगरपालिका अन्तर्गत गठित सामाजिक विकास समितिले चालु आ.व. देखि हाल सम्म विभिन्न मितिहरुमा गरेका सबै निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

१४) यस नगरका सबै वडाका सकृया युवाहरुलाई नेतृत्व, प्रभावकारी वतृत्वकला तथा बैठक प्रणाली सम्बन्धी ज्ञान अभिवृद्धि गर्न साथै यस नगरका प्रतिभाशाली यूवाहरुलाई यस नगरको भावी नेतृत्वको रुपमा विकशित हुन मद्दत पुऱ्याउने हेतुले Leadership/Effective Public Speaking and Meeting Procedure तालिम संचालनको लागि जेसीज नेपालगंजको मिति २०७५।१०।२४ गतेको पत्र मार्फत पेश भएको प्रस्ताव माथि छलफल हुंदा उक्त तालिममा प्रत्येक वडाबाट ४ जना जनप्रतिनिधिहरु र नगर प्रमुख तथा उप प्रमुखज्यूको सिफारिसमा २५ जना यूवाहरुलाई सहभागी गराउने गरी पेश भएको तालिम प्रस्ताव स्विकृत गरी तालिम संचालन गर्न प्रस्ताव बमोजिमको रु. २,६६,०००।-(दुई लाख छैसठ्ठी) उपलब्ध गराउने निर्णय गरियो ।

१५) द्वन्द पीडित तथा एकल महिला सञ्जाल, नेपालगंजको च.नं.३१ मिति २०७५।१०।१५को पत्र मार्फत वडा नं. ९ मा सञ्जालको छहारी भवन बनाउनको लागि नक्सा पासको लागि लाग्ने राजश्व छुटको लागि अनुरोध भै आएको र फतिमा फउण्डेशन नेपालगंजको च.नं. १००४ मिति २०७५।१०।२०को पत्र मार्फत नगरको वडा नं. ८ मा उक्त फाउण्डेशनको नाममा भवन निर्माणको लागि नक्सा पासको लागी लाग्ने

राजश्व छुटको लागि अनुरोध भै आएको सम्बन्धमा छलफल भै द्वन्द पीडित तथा एकल महिला सञ्जाल र फातीमा फाउण्डेशनको भवन नक्सा पासको लागि लाग्ने राजश्व छुट दिने निर्णय गरियो ।

१६) यस उपमहानगरपालिका अन्तर्गतको नगर शिक्षा समितिको मिति २०७५।१०।२४ गतेको निर्णय सिफारिस अनुसार श्री जय जनता मा.वि. नयां वस्ती थपुवा, नेपालगंज वडा नं २० लाई शैक्षिक शत्र २०७६ देखि क्रमश कक्षा ९-१२ कृषि प्राविधिक धार संचालन गर्न अनुमति दिने र आवश्यक आर्थिक सहयोगकको लागि सम्बन्धित निकायलाई सिफारिस गरिदिने निर्णय गरियो ।

१७) बसपार्क टर्मिनल भवन अन्तर्गत 3 mm Onduline bituminious corragated sheet को सट्टा 3mm UPVC सीट लगाउने सम्बन्धमा आयोजनाको रेखदेख गर्ने Consultant Cera Pvt.Ltd. बाट आएको सिफारिस बमोजिम गुणस्तरमा फरक नपर्ने र उक्त कार्य गर्ने जिम्मा पाएको निर्माण व्यवसायी United Builders & Engineers Pvt. Ltd. ले उक्त Roofing Sheet सम्बन्धमा साविकमा कबोल गरेको दररेटको अंकमा नबढने गरी गराउने भनी मिति २०७५।१०।४को भएको नगर प्रमुख स्तरीय निर्णयलाई समर्थन गर्ने निर्णय गरियो ।

१८) झापामा संचालन हुने राष्ट्रिय स्तरको हक्की प्रतियोगितामा सहभागि हुन जाने खेलाडिहरुको लागि सामाग्री खरिद गर्न आर्थिक सहयोगको लागि हक्की टिम व्यवस्थापक श्री रमजान अली इराकी, नेपालगंज-११ ले मिति २०७५।१०।१६ गते निवेदन दिएको सम्बन्धमा छलफल भै सहभागी हुने हक्की खेलाडिहरुको ड्रेस खरिदको लागि रु. १०,०००।- (दश हजार) हक्की संघ, नेपालगंजलाई सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

१९) ५ नं. प्रदेशको स्विकृत कार्यक्रम तथा बजेटबाट यस उपमहानगरपालिकामा बनस्पती उद्यान (Botanical Garden) निर्माणको लागि वडा नं. २१ र २२ मा अवस्थित कान्तीतालको क्षेत्र छनौट गरी उक्त बनस्पती उद्यान निर्माणको लागि जिल्ला बन कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

२०) यस नेपालगंज उपमहानगरपालिका अन्तरगतका सडकहरुको मापदण्ड सुर्खेत रोड तथा हुलाकी मार्ग बाहेक यस नगरको नगर यातायात गुरु योजनाले निर्दिष्ट गरे बमोजिम कायम भएता पनि विभिन्न चरणमा एकिकृत शहरी विकास परियोजना , क्षेत्रिय शहरी विकास परियोजना तथा शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयद्धारा संचालीत सघन शहरी परियोजना अर्न्तगत सडक निर्माण गर्दा यथास्थितीका विभिन्न कारणले केही सडकहरु तोकिएको मापदण्ड भन्दा कम बेसी हुन गएको हुदा माथि उल्लेखित परियोजनाबाट दुवै तर्फ पक्की नाला र पिच सडक निर्माण भै सकेको हकमा पहिलाको स्वीकृत मापदण्ड संसोधन गरी हालको अवस्थालाईनै सडक अधिकार क्षेत्र कायम गरी नालाको छेउ देखि न्यूनतम २ मिटर सेट व्याक कायम गर्ने निर्णय गरियो ।

२१) ५ नं.प्रदेशको राजधानी नेपालगन्जमा कायम गरियोस् भनी यस क्षेत्रका नागरिकहरुले उठाएको माँगलाई सम्वोदन नगरी अस्थायी राजधानी बुटवल राखियो । ५ नं.प्रदेशको राजधानी बुटवल राखिएका कारण बाँके जिल्ला र बर्दिया जिल्लाका आम नागरिक तथा व्यावसायीलाई आर्थिक, सामाजिक, भौगोलिक, पहुँचका दृष्टिकोणले दिन प्रतिदिन अत्यन्तै कठिनाई भईरहेको छ । यस क्षेत्रमा रहेका क्षेत्रीय तथा प्रादेशिक सरकारी कार्यालयहरु समेत धमाधम बुटवल र अन्यत्र सार्ने काम भईरहेको छ । संघ र प्रदेशले यस क्षेत्रको दिगो विकास, समृद्धि र नागरिकको स्तरोन्नतीका लागि हाल सम्म कुनै ठोस योजना बन्न नसकेको सन्दर्भमा र आगामी दिनहरुमा समेत सो को सुनिश्चितता नदेखिएको । तसर्थ, संघियता र संविधानको मर्म र भावना, राज्यको पूर्नसंरचना सम्वन्धी मूल्य र मान्यता, भौगोलिक निकटता, साधन र श्रोतको उपलब्धता, विकास निर्माण, यातायातको सुगमता र नागरिकको सहज पहुँच, समावेशी सिद्धान्तको कार्यान्वयन, बाँके र बर्दिया जिल्लाका सम्पूर्ण नागरिक तथा व्यवसायी समेतको जनचाहना र आवश्यक्ता समेतलाई मध्येनजर राखी बाँके र बर्दिया जिल्ला ५ नं.प्रदेशको सट्टामा कर्णाली प्रदेश मा समावेश हुँदा उल्लेखित विषयहरुको सम्वोधन हुन सक्ने र संघियताको वास्तविक रुपमा अनुभूति हुन सक्ने भएकोले सो विषयमा बाँके बर्दिया जिल्लाका राजनीतिक दल, नागरिक समाज, उद्योगी व्यवसायी, समेत संग अर्न्तक्रिया गर्न आवश्यक देखिएकोले सरोकारवालाहरु संग के कसरी उल्लेखित सवाललाई सम्बोधन गर्न सकिन्छ भन्ने सन्दर्भमा आवश्यक योजना बनाई कार्यायान्वन गर्न आवश्यक देखिएको हुँदा वृहत अर्न्तरक्रिया गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

२२) यस उपमहानगरपालिका अन्तर्गतको नगर शिक्षा समितिको मिति २०७५।१०।२४ गतेको निर्णयबाट अनुरोध भए अनुसार नेपालगंज उपमहानगरपालिकालाई पूर्ण साक्षर नगर घोषणा गर्न घरधूरी सर्वेक्षण, पचार प्रसार तथा कार्यक्रम संचालनको लागि वजेट छुट्टाएर खर्च हुन नसकेका शिर्षकवाट रकमान्तर गरी हाललाई अनुमानित रु. २१,४०,०००।- वजेट छुट्टयाउने र सोबाट शिक्षा शाखा मार्फत उक्त कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।